# सेभेन्थ-डे एड्भेन्टिस्टवादका झूटा शिक्षाहरू - भाग ६

डेविड क्लाउड

## झूटा शिक्षा #६ -- न्यायिक छानविन (Investigative Judgment)

येशू, उहाँलाई स्वीकार गर्नेहरूका काम तथा विचारहरूको अभिलेखहरूको न्यायिक छानविन गर्नालाई स्वर्गको महापवित्र स्थानभित्र पस्नुभएको छ भनेर एलेन ह्वाइटले सिकाए। उक्त इन्साफ दस आज्ञामा आधारित हुन्छ अरे र यिनै मापदण्डले प्रत्येक व्यक्तिको चरित्रको जाँच गरिन्छ र उनको अनन्त गन्तव्य निर्धारण गरिन्छ अरे। यस न्यायिक छानविनको कालखण्डमा विश्वभरि सुसमाचार प्रचार गर्नालाई परमेश्वरले सेभेन्थ-डे एड्भेन्टिस्ट चर्चलाई स्थापना गर्नुभएको हो अरे। छानविनको काम सकिएपछि ख्रीष्ट संसारमा फेरि आउनुहुनेछ, दुष्टहरूलाई नाश गर्नुहुनेछ, मुक्ति पाएकाहरू (त्यसबेलासम्म चिहानमा सुतिरहेको अवस्थाबाट) बौराइनेछन्, र सबै पाप शैतानलाई बोकाइनेछ अरे।

> "हरेक मानिसका कामलाई परमेश्वरका सामु पून्रावलोकन गरिन्छ र प्रत्येक कुरा विश्वासयोग्य भएको वा नभएको कुराको अभिलेख गरिन्छ। एक-एक गलत वचन, स्वार्थपूर्ण काम, अधुरो कर्तव्य-पालना, र हरेक गोप्य पाप र आडम्बरलाई भयङ्कर विस्तृत रूपमा किटान गरी स्वर्गका पुस्तकहरूमा प्रत्येक व्यक्तिको नामसँगै अभिलेख गरिन्छ... मानिसका चरित्र र जीवनको न्यायिक जाँच गरिने मापदण्ड चाहिँ परमेश्वरको व्यवस्था हुनेछ। ...प्रत्येकको नाम त्यहाँ उल्लेख गरिन्छ, प्रत्येक मामिलालाई नियालेर जाँचिन्छ। नामहरू स्वीकृत या अस्वीकृत हुन्छन्। पश्चात्ताप नगरिएका र क्षमा नपाएका भनी कसैका पापहरू अभिलेखका पुस्तकहरूमा बाँकी नै रहेका भेटिए भने तिनका नामहरू जीवनको पुस्तकदेखि मेटाइनेछन् र तिनीहरूका सुकर्महरूका अभिलेखलाई परमेश्वरको सम्झनाको पुस्तकदेखि मेटाइनेछन्। ...जस-जसले पापबाट साँच्चै पश्चात्ताप गरेका छन्, र आफूहरूको प्रायश्चितकारी बलिदानको रूपमा ख्रीष्टको रगतलाई विश्वासद्वारा दाबी गरेका छन्, जसका नामसँगै क्षमा पाएको भन्ने उल्लेख स्वर्गका पुस्तकहरूमा छन् भने, तिनीहरू ख्रीष्टको धार्मिकताको भागीदार भएका छन् भने र तिनका चरित्रहरू परमेश्वरको व्यवस्थासित बराबर भएको भेटिए भने तिनीहरूका पापहरू मेटाइनेछन् र तिनीहरू चाहिँ अनन्त जीवनको योग्य ठहराइनेछन्। ...पश्चात्ताप नगरिएका र परित्याग नगरिएका पापहरू क्षमा गरिनेछैनन् र अभिलेखका पुस्तकहरूबाट मेटाइनेछैनन्, तर बरु तीचाहिँ परमेश्वरको दिनमा पापीका विरुद्धमा गवाहीस्वरूप खडा हुनेछन्" (एलेन ह्वाइट, द ग्रेट कन्ट्रोभर्सी, पृष्ठ ४२४-४२५, ४२८)।

> "मेरका धर्मी जनहरू न्यायको दिन नआइपुगेसम्म बौरेर उठाइनेछैनन् जुनबेला तिनीहरू 'जीवनको बौरिउठाई' को योग्य ठहराइनेछन्। तसर्थ न्यायिक छानविनमा उनीहरूको अभिलेखहरूको जाँच गरिँदा र उनीहरूको मामिलाको फैसला गरिँदा उनीहरू व्यक्तिगत रूपमा त्यहाँ उपस्थित हुनेछैनन्। ...सबैको जाँच गरिनुपर्ने हुन्छ र कुनै दाग वा चाउरी वा त्यस्तो कुनै कुरा पनि नभएको भेट्टाइनुपर्ने हुन्छ। ...न्यायिक छानविनको काम जब बन्द हुन्छ, जीवन या मृत्युका लागि सबैको गन्तव्य निर्धारण भइसकेको हुनेछ" (एलेन ह्वाइट, द ग्रेट कन्ट्रोभर्सी, पृष्ठ ४३१-४३२)।

> "न्यायिक छानविन जब बन्द हुन्छ, तब ख्रीष्ट आउनुहुनेछ, र हरेकलाई उसको कामअनुसारको प्रतिफल दिनलाई उहाँसित आफ्नो इनाम हुनेछ। ...ख्रीष्टले पापको शुरुआतकर्ता र पाप गर्नलाई उक्साउने शैतानमाथि यी सबै पापहरूलाई हालिदिनुहुनेछ। इस्राएलका पापहरू बोक्ने बलिको बोकालाई 'एकलास ठाउँमा' पठाइन्थ्यो (लेवी १६:२२); त्यसरी नै, परमेश्वरका जनहरूलाई पाप गर्न

उक्साएका ती सबै पापहरूको दोष बोकेर शैतान एक हजार वर्षसम्म पृथ्वीमा बन्दी गराइनेछ जुनचाहिँ त्यसबेला उजाड हुनेछ, बासिन्दारहित हुनेछ, अनि अन्तमा सबै दुष्टहरूलाई नष्ट पार्ने आगोमा उसले पापको पूर्ण दण्ड भोग्नेछ" (एलेन ह्वाइट, द ग्रेट कन्ट्रोभर्सी, पृष्ठ ४२७)।

# बाइबलले के भन्दछ?

**१) विश्वासीलाई दस आज्ञाद्वारा न्याय गरिनेछैन र उसको सेवा स्वीकारयोग्य नभेटिएको खण्डमा उसले आफ्नो मुक्ति गुमाउनेछैन।** विश्वासीसित अनन्त जीवन छ (यूहन्ना ३:१६)। ऊ मृत्युबाट जीवनमा सरिसकेको छ (यूहन्ना ५:२४)। ऊ ख्रीष्टमा सुरक्षित छ र परमेश्वरको महिमाको आशामा खडा छ र त्यसमा आनन्द मनाउँदछ (रोमी ५:१-२)। भविष्यको आउनेवाला क्रोधको उसलाई कुनै डर छैन किनकि ऊ ख्रीष्टमा पूर्ण छ (रोमी ५:९)। उसका पापको सबै दण्ड ख्रीष्टमाथि हालियो र ऊ चाहिँ सदाका लागि मुक्त छ। विश्वासीको अधर्मलाई ख्रीष्टले आफैमाथि लिनुभयो र विश्वासीलाई ख्रीष्टले आफ्नै धार्मिकता प्रदान गर्नुभयो (२ कोरिन्थी ५:२१)।

निम्न खण्डहरूमा बयान गरिएको न्याय र सेभेन्थ-डे एडभेन्टिजम्को न्यायिक छानविनका बीचका केही महत्त्वपूर्ण भिन्नताहरूलाई विचार गर्नुहोस्:

1. **ख्रीष्टले गर्नुहुने विश्वासीहरूको न्यायले उनीहरूको मुक्तिको निर्धारण गर्ने होइन।** १ कोरिन्थी ३ को न्यायमा खडा हुनेहरू उनीहरूले मुक्ति पाउने हुन् कि होइनन् भन्ने कुराको निर्धारण गरिनलाई होइन तर उनीहरूले मुक्ति पाइसकेका हुनाले त्यहाँ खडा हुनेछन्। १ कोरिन्थी ३ मा न्याय गरिनेहरू तिनीहरू हुन् जसले आफ्नो जीवनलाई मजबुत जग येशू ख्रीष्टमाथि बसालेका छन् (१ कोरिन्थी ३:११-१२)।
2. **विश्वासीको न्यायको परिणामस्वरूप उसले दण्ड पाउँदैन, पीडा भोग्दैन न ता ऊ परमेश्वरदेखि अलग नै पारिन्छ।** जुन विश्वासीहरूका कामहरू जाँचिदा अयोग्य ठहरिन्छन् तिनीहरूलाई शर्म हुनेछ र इनाम गुमाउनेछन् तर मुक्ति गुमाउनेछैनन्। "कसैको काम जलिजान्छ भने उसले हानि भोग्नेछ; तर ऊ आफैचाहिँ बाँच्नेछ, तर आगोबाट उम्केजस्तो" (१ कोरिन्थी ३:१५)। हामीलाई योभन्दा स्पष्ट अभिव्यक्ति अर्को चाहिन्छ र?
3. **साथै, विश्वासी जन आफ्ना प्रभुको सामु व्यक्तिगत रूपमै देखा पर्नेछन्।** "किनकि...हामी सबै ख्रीष्टको न्यायआसनका सामु देखा पर्नुपर्छ" (२ कोरिन्थी ५:१०)। एडभेन्टिस्टवाद अनुसार विश्वासीको न्याय ऊ पृथ्वीमा रहँदा वा चिहानमा सुतिरहेको बखतमा सन् १८४४ र दोस्रो आगमनको बीचको अवधिमा स्वर्गीय महापवित्रस्थानको भित्रपट्टि गरिन्छ। प्रेरित पावलले सिकाएको कुरा यो होइन।

**२) लेवी १६ अध्यायको बलिको बोकालाई शैतानको अर्थ लाउनु अबाइबलीय हो।** प्रायश्चितको दिनका बोकाहरू -- एउटा मारिने र अर्को एकलासमा छाडिने -- दुवै प्रभु येशू ख्रीष्टका प्रतीक हुन्। मारिने बोकाले ख्रीष्टको प्रायश्चितको कार्यलाई चित्रण गर्दछ: यो एक रगतको बलिदान हो। छाडिने बोकाले ख्रीष्टको प्रायश्चित कार्य पर्याप्त थियो भन्ने कुरा दर्शाउँछ: यो एकैचोटी सदाका लागि पूर्णरूपमा सिद्ध कार्य थियो। बलिको बोकालाई शैतानको अर्थ लाउनु ईश्वर-निन्दा हो। एडभेन्टिस्टवादले यो सिद्धान्तको पुष्टि पवित्र शास्त्रको ठीक-ठीक अर्थ लाउने कार्यद्वारा भेट्दैन, तर एलेन ह्वाइटका दर्शनहरूमा भेट्दछ; उनीहरूले बाइबलको प्रकाशमा थप्ने काम गरेका छन् भन्ने यो पनि अर्को उदाहरण हो।

थप नेपाली बाइबल अध्ययन सामग्री पाइने वेबसाइट: ***www.wordoftruth.com.np***
यस लेखको नेपाली रूपान्तरको सर्वाधिकार सुरक्षित प्रकाशकमा - © WordofTruth Publishing (2011)